नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान
रवि भवन, कालिमाटी, काठमाडौं ।
सम्पर्क नं. ०१-५९७०६०५

सूचना प्रकाशित मिति २०८३/०५/१५

अत्यन्त जरुरी सूचना !

सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३/०५/११ को संलग्न सूचना अनुसार यस प्रतिष्ठानबाट विद्युतीय खरिद प्रणाली (www.bolpatra.gov.np/eGP) मार्फत जारी भएका बोलपत्र तथा दरभाउपत्रहरु तपसिल बमोजिमको मिति तथा समयमा Hard Copy मार्फत प्रतिष्ठानमा पेश गर्न सूचित गरिन्छ। साथै हालसम्म बोलपत्र/दरभाउपत्र कागजात हेर्न नपाउनुभएका बोलपत्र/दरभाउपत्रदाताहरुले प्रतिष्ठानको आधिकारिक इमेल (info@nathm.gov.np) वा मोबाइल नम्बर ९८४१२६३७७७ मा सम्पर्क गरी माग गरेमा Soft Copy पठाइदिने व्यवस्था गरिएको वेहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

तपसिलः

ठेक्का संकेत	ठेक्का विवरण	बोलपत्र/दरभाउपत्र (Hard Copy) पेश गर्ने अवधि	बोलपत्र/दरभाउपत्र खोल्ने मिति र समय
NATHM/NCB/ Service/01/083/84	खाद्य तथा पेय पदार्थ आपूर्ति गर्ने कार्य	२०८३/०५/२४ मध्यान्ह १२:०० बजेसम्म	२०८३/०५/२४ दिउँसो १:०० बजे
NATHM/NCB/ Service/02/083/84	सुरक्षाकर्मी आपूर्ति गर्ने सम्बन्धी कार्य (सेवा करार)	२०८३/०५/२३ मध्यान्ह १२:०० बजेसम्म	२०८३/०५/२३ दिउँसो १:०० बजे
NATHM/NCB/ Service/03/083/84	सरसफाईकर्मी आपूर्ति गर्ने सम्बन्धी कार्य (सेवा करार)		२०८३/०५/२३ दिउँसो २:०० बजे
NATHM/SQ/ Service/01/083/84	बगैंचा व्यवस्थापन कामदार आपूर्ति गर्ने सम्बन्धी कार्य (सेवा करार) (सेवा करार)		२०८३/०५/२३ दिउँसो ३:०० बजे
NATHM/NCB/ Service/04/083/84	हिमलुङ्ग हिमाल आरोहणको लागि व्यवस्थापन सेवा खरिद सम्बन्धी कार्य	२०८३/०५/३० मध्यान्ह १२:०० बजेसम्म	२०८३/०५/३० दिउँसो ३:०० बजे

फोन : ५९७१३०७, ५९७१३०१
वेवसाईट : https://ppmo.gov.np/
ईमेल : it@ppmo.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सार्वजनिक खरिद अनुगमन कार्यालय

(सूचना प्रविधि शाखा)

प.सं : सू.प्र.-०८३/८४
च.नं. MIT/१८२

केसरमहल, काठमाडौं, नेपाल

मितिः २०८३/०५/११

विषयः सूचना तथा जानकारी सम्बन्धमा।

श्री सार्वजनिक निकाय सबै ।

हाल सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणाली (e-GP System) मा सुरक्षा जोखिम उच्च रहेको देखिन आएकाले प्रणालीको मर्मतसम्भार र सुधार कार्य भइरहेको हुँदा अर्को सूचना जारी नभएसम्म तपसिल बमोजिम हुने गरी प्रणाली स्थगन गरिएको व्यहोरा सम्बन्धित सरोकारवाला सबैमा जानकारीका लागि यस कार्यालयको मिति २०८३/०५/११ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

तपसिलः

१. मिति २०८३/०५/११ गते देखि अर्को सूचना जारी नभएसम्मका लागि हालको विद्युतीय खरिद प्रणालीको प्रयोग स्थगन गर्नुहुन।
२. यस विद्युतीय खरिद प्रणालीमा मिति २०८३/०५/११ गतेसम्म प्रकाशन भई प्रस्ताव पेश गर्ने म्याद समाप्त हुन बाँकी रहेका र नयाँ प्रकाशन हुने क्रममा रहेका बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको सम्बन्धमा सार्वजनिक निकायहरुले हार्डकपी मार्फत बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको प्रक्रिया अगाडि बढाउन सकिनेछ।
३. यस अघि विद्युतीय खरिद प्रणालीमा बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्र खोलुवा भई सार्वजनिक निकायहरुले बोलपत्रदाता/आपूर्तिकर्ता/परामर्शदाताहरुको प्रस्ताव डाउनलोड गर्न बाँकी रहेका ठेक्काहरुको सम्बन्धमा सार्वजनिक निकायको अनुरोधमा यस कार्यालयबाट आवश्यक सहजीकरण गरिनेछ।

२०८३/०५/११

(ई. निर्मल लामा)
कम्प्युटर अधिकृत